**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ईन्द्रायणीचौर,मकवानपुर, बागमतीं प्रदेश, नेपाल

**शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०२/११**

यस कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व. २०७७/०७८ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी, फर्म वा सप्लायर्सहरु बाट देहायको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र तपशिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन आह्वान गरीएको छ ।

शर्तहरु

१) ठेक्का को बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि ५ औं दिन सम्म र ५ औ दिन बिदा परेमा त्यो भन्दा अधिको दिनमै थाहा नगरपालिका नगर कार्यपालिकाको नाममा कृषि विकास वैंक लिमिटेड शाखा कार्यालय, पालुङ मकवानपुरमा रहेको आन्तरिक राजश्व खाता खाता नं. ०५०८४०११५५७३८१२१ मा कार्यालय समय भित्र राजश्व दाखिला गरि बोलपत्र फारम खरिद गर्न सकिने छ र बोलपत्र बुझाउँदा खरिद भएका बोलपत्र ६ औं दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ । सो शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट सोही समयमा हुनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२) दरभाउपत्र कर्ताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्व:घोषणा गरेको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

३) शिलवन्दी दरभाउपत्रसाथ जमानत वापत तपसिलमा उल्लेख गरे वमोजिमको जमानत रकम थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा कृषि विकास वैंक लिमिटेड शाखा कार्यालय, पालुङ मकवानपुरमा रहेको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यताप्राप्त वैंकवाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल वैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

४) दररेट अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउंमा दायांवायां हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन ।

५) GMP/WHO/CI प्रमाणपत्र अनिवार्य पेश गरेको हुनपर्ने छ । अन्यथा मूल्यांकन गरिने छैन ।

६) खरिद गरिने औषधी तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि यस कार्यालयमा दाखिला हुंदा कम्तिमा अठार महिना बांकी रहेको हुनुपर्नेछ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा प्रयोग गर्ने अवधि कम्तिमा ७५ प्रतिशत बाकि रहेको हुनपर्नेछ ।

७) म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ । दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा आई वुझ्न सकिने छ ।

९) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्र दाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ । एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ ।

१०) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनको हुनुपर्नेछ.।

११) आफूले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुन पर्नेछ । औषधीको प्याकिङ वाहिर औषधीको जेनेरीक नाम, औषधीको उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., उत्पादक कम्पनीको नाम स्पष्टसंग उल्लेख भएको हुनु पर्नेछ । औषधीको प्याकिङ वाहिर तथा प्रत्येक स्ट्रीपमा "नेपाल सरकारवाट नि:शुल्क वितरणको लागि वा यो औषधी विक्रीका लागि होइन" भनी प्याकिङमा उल्लेख भएको हुनपर्नेछ ।

१२) आइटमवाइज वा एक मुष्ट मूल्यांकन गर्ने अधिकार पूर्णरुपमा मूल्यांकन समितिमा रहने छ । कार्यालयको आवश्यकतानुसार आशिंक वा एक मुष्ट लिने अधिकार खरिद समितिमा रहने छ ।

१३) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३,(संशोधन) सहित सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन)सहित तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउ पत्रको दस्तुर | लगत अनुमान ( मू.अ.क. बाहेक) | जमानत रकम | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | IFB/NCB/medicine-25/077/078 | औषधी तथा सर्जिकल सामान खरिद | १००० | ९५०००० /- | २८५०० /- | २०७८/०२/११ | २०७८/०२/१६ |
| २ | IFB/NCB/PHCMedicine-26/077/078 | स्वास्थ्य केन्द्रको लागिको लागि औषधी तथा सर्जिकल सामान खरिद | १००० | १०००००० /- | ३०००० /- | २०७८/०२/११ | २०७८/०२/१६ |
| ३ | IFB/NCB/Surgicalgoods-27/077/078 | सर्जिकल सामान खरिद | ३००० | ३२००००० /- | ९६००० /- | २०७८/०२/११ | २०७८/०२/१६ |

**प्रमुख प्रशासकिय अधिकृत**